केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२/०६६/६७ मिति : २०६६/०४/१९

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य नीतिगत व्यवस्था बमोजिम यस बैंकले दिएको निर्देशनको पालना नगरी नगद जरिवानाको कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख तथा अन्य कर्मचारीबाट नगद जरिवाना भुक्तानी नगरेसम्मको लागि कालोसूचीमा समाबेश गर्न यस बैंकबाट जारी इ.प्रा.निर्देशन नं. १२/०६१/६२ (कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था) को बुँदा नं. १० (१) (कालोसूचीमा समावेश हुने अवस्थाहरु) मा बुँदा नं. (ञ) समाबेश/कायम गरिएको छ।

२. विद्यमान इ.प्रा.निर्देशन नं. ४/०६१/६२ मा भएको अन्य व्यवस्थालाई यथावत कायम राखी बुँदा नं. (क) को (४. वित्तीय बिवरणहरु प्रकाशन गर्नुपर्ने) मा भएको व्यवस्थालाई परिमार्जन गरी "इजाजतपत्रप्राप्त संस्थाहरुले कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भई सकेपछि संलग्न ढाँचा बमोजिमको वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह बिवरणका साथै यी वित्तीय बिवरणहरुसँग सम्बन्धित सबै अनुसूचीहरु तथा बिवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गर्नुपर्ने छ। साथै, सर्वसाधारणको जानकारीको लागि वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह बिवरण र यस निर्देशनको अनुसूची नं.४.१, ४.२, ४.१७ र ४.३० अनुसारको विवरण राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका पत्रिकामा अनिवार्यरुपमा प्रकाशित गर्नुपर्ने छ। **इजाजतपत्रप्राप्त "क" वर्गका बाणिज्य बैंकहरुले भने आफ्नो वार्षिक हिसाब प्रकासित गर्दा विद्यमान अनुसूची नं. ४.३० र ४.३० (क) को सट्टा अनुसूची नं. ४.३० (क१), ४.३० (ख), ४.३० (ग), ४.३० (घ) र ४.३० (ङ) अनुसारको बिवरण अनिवार्यरुपमा प्रकाशित गर्नुपर्ने छ। साथै, सम्पूर्ण वार्षिक प्रतिवेदनलाई आफ्नो वेवसाईटमा अद्यावधिक गरी राख्नुपर्ने छ।"** भन्ने नीतिगत व्यवस्था कायम गरी सोही बमोजिम संलग्न अनुसूचीहरु समेत जारी गरिएको छ।

३. विभिन्न परिपत्रहरुबाट जारी गरिएका निर्देशनहरुमा केही दोहोरिएका अनुसूची नं.हरुलाई निम्न बमोजिम परिवर्तन/परिमार्जन गरिएको छ।
   १. यस बैंकको पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/३१/०६५/६६ मिति २०६५/११/६ को परिपत्रको नं. बुँदा नं. २ मा उल्लेखित अनुसूची नं. ४.३२ लाई अनुसूची नं. ४.३४ कायम गर्ने।
   २. यस बैंकको पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/५०/०६५/६६ मिति २०६६/३/१४ को परिपत्रको बुँदा नं. ४ मा उल्लेखित अनुसूची नं. ४.३३ लाई अनुसूची नं. ४.३५ र अनुसूची नं. ४.३४ लाई अनुसूची नं. ४.३६ कायम गर्ने।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
१०. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।